# राष्ट्रिय सूचना आयोग

**प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा**
**सूचना आयुक्त किरणकुमार पोखरेल**
**सूचना आयुक्त यशोदादेवी तिम्सिना**

**आदेश**

**मु.नं. ५७०/०७२/७३**

**निर्णय नं. १२२**

जिल्ला सर्लाही, हरिवन न.पा.१०, सुखेपोखरीस्थित श्री चतुर्भुजेश्वर जनता उ. मा. वि.का शिक्षक स्थिरप्रसाद भट्टराई ..........................................................................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाही ............................१
सूचना अधिकारी, श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाही ..........................१ } विपक्षी

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला सर्लाही, हरिवन न.पा.१०, सुखेपोखरीस्थित श्री चतुर्भुजेश्वर जनता उ. मा. वि.का शिक्षक स्थिरप्रसाद भट्टराईले श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाही समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा यस आयोगबाट पुनरावेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाहीको नाममा मिति २०७२।०७।२९ मा आदेश गरिएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको च. नं. ४५४ मिति २०७२।०७।३० को पत्र मार्फत लेखी गएको । आयोगको आदेश पश्चात पनि माग बमोजिमको सूचना उपलब्ध नगराएकोले माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी पुनरावेदकले मिति २०७२।१२।१९ मा पुन: उजुरी गरेको । उक्त उजुरीको सम्बन्धमा यस आयोगको च. नं. ४५४ मिति २०७२।०७।३० को पत्र मार्फत आदेश कार्यान्वयनको सम्बन्धमा ताकेता लेखी गएको । आयोगको ताकेता पश्चात पनि पुनरावेदकले माग बमोजिमको सूचना उपलब्ध नगराएकोले श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाहीका कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाहीले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०४।२१ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी श्री चतुर्भुजेश्वर जनता उ. मा. बि. सखेपोखरी, सर्लाहीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ साल मंसिर १ गते रोज ४ शुभम् ।